बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल


पत्र सङ्ख्याः-०८१/०८२
चलानी नम्बरः-

मितिः- २०८२/०३/१०

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, हेटौंडाको

## तह वृद्धि सम्बन्धी सूचना ।

सूचना प्रकाशन मितिः २०८२/०३/१०

**"प्रदेश निजामती सेवा ऐन, २०७९"** दफा ३० बमोजिम तह वृद्धिको लागि योग्यता पुगेका बागमती प्रदेशमा समायोजन भई यस मन्त्रालय वा अन्तर्गतका निकायहरूमा पदस्थापन भई कामकाज गरिरहेका कर्मचारीहरुलाई तह वृद्धिको लागि तपसिल बमोजिमका कागजात सहित छुट्टै फाइल तयार गरी **२०८२ असार १० गते देखि २४ गते सम्म (१५ दिनभित्र) कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट** यस मन्त्रालयको प्रशासन महाशाखामा दरखास्त दिनुहुन सबैको जानकारीको लागि यो सूचना यस मन्त्रालयको मिति २०८२/०३/०९ को निर्णय (सचिवस्तर) अनुसार जारी गरिएको छ।

तपसिलः

१) तह वृद्धि सम्बन्धी सक्कल दरखास्त फाराम (सम्बन्धित कर्मचारी कार्यरत कार्यालयको सिफारिस सहित)
२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीः- १ प्रति
३) स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपीः- १ प्रति
४) तह वृद्धि हुने तह भन्दा एक तह मुनीको तहमा पूरा गरेको सेवा अवधि पुष्टि हुने कागजात (नियुक्ति, तह/स्तर बृद्धि) को प्रमाणित प्रतिलिपीः-१ प्रति
५) समायोजन र पदस्थापन गरिएको पत्रको प्रमाणित प्रतिलिपीः- १ प्रति
६) पछिल्लो पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम ठेगाना दरखास्त फाराममा उल्लेख गर्नुपर्ने
७) "प्रदेश निजामती सेवा ऐन, २०७९" दफा ३० को उपदफा (१) बमोजिम न्युनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीः- १ प्रति
८) **"प्रदेश निजामती सेवा ऐन, २०७९"** दफा ९५ को खण्ड (क) बमोजिम सजाय पाएको/नपाएको र निलम्बनमा रहेको/नरहेको भन्ने ब्यहोराको कर्मचारी कार्यरत सम्बन्धित कार्यालयको सक्कल सिफारिस पत्रः- १ प्रति ।
९) असाधारण विदामा रहेको/नरहेको विवरण कर्मचारी कार्यरत सम्बन्धित कार्यालयको सक्कल सिफारिस पत्रः- १ प्रति
१०) सेवा अटुट/अविच्छिन्नताको कर्मचारी कार्यरत सम्बन्धित कार्यालयको सक्कल सिफारिस पत्रः- १ प्रति
११) हालसालै अद्यावधिक गरिएको राष्ट्रिय किताबखान (निजामती) बाट मुद्रण भएको वैयत्तिक विवरण(PIS):-१ प्रति

२०८२/०३/१०

खेमराज भट्टराई
शाखा अधिकृत

पुनश्चः

*क) आवेदन फाराम मन्त्रालयको वेबसाइट (www.moh.bagamati.gov.np) बाट डाउनलोड गर्न सकिनेछ ।*


फोन नं. ०५७-५९०३९३, ५९०३९४, ५९०३९५, ५९०३९६, ५९०३९१, ५९०३९२
इमेलः moh@bagamati.gov.np वेबसाईटः https://www.moh.bagamati.gov.np